वर्ष ८, अंक ११ फागुन




# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन

नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजन: पीडितको सम्मान ॥

मासिक ई-बुलेटिन

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ - १ |
| अपराध तथ्याङ्क | २ - ९ |
| प्रहरी सेवा प्रवाह | १०- १३ |
| खोजतलास तथा समन्वय | १४ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १५ - १७ |
| अपराध समाचार | १८ - २१ |
| उत्कृष्ट अनुसन्धान | २२ |
| सम्पादक मण्डल | २३ |

# विभागीय गतिविधिहरु

## Mission बाट फिर्ता हुनु भएका र Mission खटि जान लाग्नु भएका प्रहरी कार्मचारीहरुको स्वागत तथा विदाई कार्यक्रम सम्पन्न





***काठमाडौं, ११ फागुन***

16 February 2026, United Nations Multidimensional Integrated Stabilization Mission in the Central African Republic (MINUSCA) बाट मिसनको समयावधी पुरा गरी स्वदेश फिर्ता हुनु भएका प्रहरी निरीक्षक मनिषा बुढाथोकी, प्रहरी निरीक्षक दाक्षेकी शेर्पा, प्रहरी निरीक्षक सानु श्रेष्ठ र प्रहरी वरिष्ठ नायब निरीक्षक भगवती अर्याल र सोही Mission मा तदनुसार 24 February 2026 मा खटि जान लाग्नु भएका प्रहरी निरीक्षक मञ्जु न्यौपाने , प्रहरी निरीक्षक एल्जीना राई ,प्रहरी निरीक्षक अनुजा जंगम र प्रहरी निरीक्षक कमल हुमागाई त्यसैगरि 28 February 2026 मा United Nations Organization Stabilization Mission in the Democratic Republic of the Congo (MONUSCO) खटि जान लाग्नु भएका प्रहरी सहायक निरीक्षक बिजय के.सी.लाई अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक सानुराम भट्टराईज्यूद्धारा सामुहिक रुपमा स्वागत तथा विदाई सम्पन्न भयो । कार्यक्रममा प्रहरी नायव महानिरीक्षकज्यू, प्रहरी वरिष्ठ उपरीक्षकज्यू , प्रहरी उपरीक्षकज्यू, प्रहरी नायव उपरीक्षकज्यू , प्रहरी निरीक्षकज्यूहरु लगायत अन्य दर्जाको उपस्थिती रहेको थियो।


मासिक ई-बुलेटिन

# अपराध तथ्याङ्क


## उपत्यका र प्रदेशगत पछिल्लो ५ आ.व.को कुल मुद्दा दर्ता र फछ्र्यौट संख्या
## (आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)



## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक कुल मुद्दा दर्ता तथ्याङ्क





## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (मंसिर - माघ)




# मासिक ई-बुलेटिन


## उपत्यका र प्रदेशको शीर्षकगत मुद्दा दर्ता संख्या





## आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क




## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क





## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या



## गम्भीर अपराधको प्रदेशगत मासिक मुद्दा दर्ता सख्या




## २०८२ साल फागुन महिनामा घरेलु हिंसा सम्बन्धी विवरण





## २०८२ साल फागुन महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | २५४ | १६९ वर्ष ६ महिना ७ दिन | १३१८९१३६ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | १७६ | ५८ वर्ष ५ महिना २६ दिन | १८६६९९३७ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | २६३ | ७८ वर्ष ८ महिना ६ दिन | ३१३६५९७ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ६५ | ४५ वर्ष ९ महिना १४दिन | १२२४०७६० |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ६९ | २६ वर्ष ० महिना १२ दिन | १३८२७३०२ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ८६ | ८३ वर्ष ४ महिना १३ दिन | ३९६३६०९ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १० | १० वर्ष १३ महिना १४ दिन | २११६००० |
| ८. | सुदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ५९ | २२ वर्ष ७ महिना २५ दिन | ५३२२८७ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट | ३ | ४ वर्ष ० महिना २ दिन | १३८००५० |
| **जम्मा** | | **९८५ जना** | **४९९ वर्ष ७ महिना २९ दिन** | **रु. ६,९०,५५,६७८।-** |


## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या





## लागु औषध मुद्दाको अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक तथ्याङ्क



## साईबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



## २०८२ साल फागुन महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८२ साल फागुन महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| | | दर्ता | वितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | ११४९७२ | ८१९२६ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानिय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट Security Clearance को लागि प्राप्त | १० | ८ |
| ३. | अध्यागमन विभाग | १३० | १०३ |
| ४. | नागरिक उड्डयान प्राधिकरण | १४ | ११ |
| ५. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ५ | ५ |
| ६. | औंठाछाप प्रमाणिकरण | ५० | ५० |
| | अन्य | ३ | ३ |
| **जम्मा** | | ११५१८४ | ८२०९८ |


## सामुदायिक प्रहरी गतिविधि

२०८२ साल फागुन महिनामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७८, बुँदा नं. १२४ कार्यक्रमहरू)




# आसरा सुधार केन्द्र रानीबारी

## २०८२ साल फागुन महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





# आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

## २०८२ साल फागुन महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८२ साल फागुन महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## २०८२ साल फागुन महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ३ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | २९ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ० |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | १८,५२८ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको । | ४ जना |

# खोजतलास तथा समन्वय

## २०८२ साल फागुन महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी रहेका बालबालिकाहरुको संख्या




## २०८२ साल फागुन महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

❖ Digital Forensics Lab बाट २०८२ सालको फागुन महिनामा बिभिन्न **१६** वटा मुद्दा शीर्षक (चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी,  वेवारीसे लास, भबितव्य ज्यान) अन्तर्गत **२५** वटा मुद्दाको **१२१** वटा सबुदहरु परीक्षण गरिएको।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ फागुन महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको।



## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८२/११/०१ गतेदेखि २०८२/११/२९ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **३५७** केशहरुको **२२४०** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **८९** केशहरुको **४३१** नमूनाहरु परीक्षण गरिएकोमा **५४६१** केशहरुको **२३८२९** नमुनाहरु पेण्डिङ रहेको।

- मिति २०८२/११/०१ गतेदेखि २०८२/११/२९ गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा **१४५०** DATA Entry भएको।


- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान, सुनसरीबाट २०८२/११/०१ गतेदेखि २०८२/११/२९ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१०९** केशहरुको **३७२** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **४१** केशहरुको **१२२** नमूनाहरु परीक्षण गरिएकोमा **५१२** केशहरुको **१९०७** नमुनाहरु पेण्डिङ रहेको।

- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८२/११/०१ गतेदेखि २०८२/११/२९ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **३९** केशहरुको **१११** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **४५** केशहरुको **१४९** नमूनाहरु परीक्षण गरिएकोमा **१०४** केशहरुको **३३४** नमुनाहरु पेण्डिङ रहेको।

- नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभाग त्रिपुरेश्वर काठमाण्डौमा यस प्रयोगशाला अन्तर्गत फोरेन्सिक इकाईबाट मिति २०८२/११/०१ गतेदेखि २०८२/११/२९ गतेसम्म डकुमेन्ट भेरिफाई नागरिक्ता-० औंठाछाप -०८, फोटो-०४, हस्तक्षर-०२ समेत गरी जम्मा – १४ प्राप्त भई प्रमाणिकरण गरिएको।
- श्री राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैजु, काठमाण्डौले बार्षिक कार्यक्रम अन्तर्गत सरकारी वकिलहरुको लागि मिति २०८२ फागुन १० गतेदेखि ऐ.१२ गतेसम्म ३ दिवसीय विधि विज्ञान र भौतिक प्रमाणहरुको संकलन, विश्लेषण र प्रस्तुतिकरण सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहभागि हुनु भएका २५ जना सरकारी वकिलहरुलाई मिति २०८२/११/११ गते यस प्रयोगशालाका विभिन्न शाखाहरुमा अवलोकन भ्रमण गराईएको ।

## केनाईन (Canine) महाशाखा, महाराजगञ्ज

### २०८२ साल फागुन महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

*सिन्धुली, १८ फागुन*

आफ्नै श्रीमती ४६ वर्षीया रिता राईको हत्या गरेको अभियोगमा हरिहरपुरगढी गाउँपालिका-३ रानीपानी बस्ने ४५ वर्षीय जिते भन्ने बिर बहादुर राईलाई प्रहरीले पक्राउ गरेको छ। आफ्नै घरमा बिर बहादुरले बन्चरो प्रहार गर्दा रिताको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी हरिहरपुरगढीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

*कैलाली ,२५ फागुन*

आफ्नै श्रीमती ३० वर्षीया सरस्वती अबस्थी जोशीको हत्या गरेको अभियोगमा धनगढी उपमहानगरपालिका-७ देवरीया बस्ने ३५ वर्षीय डम्मर राज जोशीलाई प्रहरीले पक्राउ गरेको छ। डम्मर राजले धारिलो हतियार प्रहार गर्दा सरस्वतीको घटनास्थलमै मृत्यु भएको थियो। वारदात स्थानबाटै फरार भएका डम्मर राजलाई प्रहरी चौकी ढकेरी शम्सेरगंज बाँकेबाट खटिएको प्रहरीले बांके राप्ती सोनारी गाउँपालिका-८ ओभरीबाट पक्राउ गरेको हो। यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

*सुनसरी, २८ फागुन*

धरान उपमहानगरपालिका-५ देउराली बस्ने ७२ वर्षीय सुरेन श्रेष्ठको हत्या गरेको अभियोगमा सोही उपमहानगरपालिका-१५ बस्ने ३२ वर्षीय भरत बिकलाई प्रहरीले पक्राउ गरेको छ। धरान उपमहानगरपालिका-१५ स्थित वादविवादको क्रममा भरतले कुटपिट गर्दा गम्भीर घाइते भएका सुरेनको विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपामा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरीले भरतलाई पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### सुनका गरगहना चोरी

*काठमाडौं, ७ फागुन*

टोखा नगरपालिका-३ साईबाबा चोक मेलमिलाप टोल बस्ने ५० वर्षीय उर्जेन लामाको घरबाट करिब ८१ लाख रूपैयाँ बराबरका सुनका गरगहना चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### ग्रीस पठाइदिन्छु भन्दै ठगी गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, २७ फागुन*

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी ग्रीस पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ललितपुर, ललितपुर महानगरपालिका-१ बस्ने मोरङ पथरी शनिश्चरे नगरपालिका-३ घर भएका २२ वर्षीय सम्योग राईलार प्रहरीले पक्राउ गरेको छ। राईले ग्रीस पठाइदिन्छु भन्दै ३ जना पीडितहरूबाट २५ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई ललितपुर महानगरपालिका-१३ बाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशीक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, ३० फागुन*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी नागार्जुन नगरपालिका-१ रानीवन बस्ने बर्दिया राजापुर नगरपालिका-५ घर भएकी ३१ वर्षीया सदिशा पाण्डे(खनाल) लाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत काठमाडौंको २०८२ वैशाख ३ गतेको फैसलाले उक्त मुद्दामा ३६ लाख ८२ हजार ९ सय ८० रूपैयाँ जरिवाना ३ दिन कैद र१ लाख ४७ हजार ३ सय १९ रूपैयाँ पीडित राहत कोषमा क्षतिपूर्ति जम्मा गराउने सजाय ठहर भई फरार रहेकी उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले नागार्जुन नगरपालिका-१ रानीवनबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ।

## क्रोएशिया र अमेरिका पठाइदिन्छु भन्दै ठगी गर्ने तीन जना पक्राउ

***काठमाडौं, २१ फागुन***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी क्रोएशिया र अमेरिका पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१५ बस्ने चितवन भरतपुर महानगरपालिका-१५ घर भएकी ४९ वर्षीया कमला देवी सुनुवार, काठमाडौं बुढानिलकण्ठ नगरपालिका-४ बस्ने सिन्धुली कमलामाई नगरपालिका-७ घर भएकी २९ वर्षीया सविना खड्का र काठमाडौं टोखा नगरपालिका-११ बस्ने काठमाडौं दक्षिणकाली नगरपालिका-९ घर भएका ४१ वर्षीय अम्बर गुरूङ रहेका छन्। पक्राउ मध्ये कमलाले क्रोएशिया पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट ४ लाख ५० हजार रूपैयाँ, सविनाले अमेरिका पठाइदिन्छु भन्दै १ जना पीडितबाट १ लाख रूपैयाँ र अम्बरले क्रोएशिया पठाइदिन्छु भन्दै १ जना पीडितबाट ५० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले कमलालाई काठमाडौं महानगरपालिका-१५ बाट र सविनालाई काठमाडौं बुढानिलकण्ठ नगरपालिका-४ बाट बुधबार तथा अम्बरलाई काठमाडौं महानगरपालिका-१२ बाट बिहीबार पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

# यौनजन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***इलाम, ८ फागुन***

१५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा माङसेबुङ गाउँपालिका-३ घर भएका २० वर्षीय सिलाश लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ। लिम्बुले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी बाँझोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***पर्सा, २५ फागुन***

१७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा वीरगंज महानगरपालिका-१५ भेडियाही बस्ने ५० वर्षीय भुटन साह भन्ने रामजनम साहलाई प्रहरीले पक्राउ गरेको छ। साहले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा वडा प्रहरी कार्यालय श्रीपुर र प्रहरी चौकी भिष्वाडाँडाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***इलाम, १९ फागुन***

२० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा इलाम नगरपालिका-९ शेरा बस्ने ५० वर्षीय ज्ञान बहादुर चौहानलाई प्रहरीले पक्राउ गरेको छ। ज्ञान बहादुरले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय इलामबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# लागु औषध सम्बन्धी

## करिब १ हजार १ सय १५ किलो गाँजा सहित सुनसरी र पर्साबाट तीन जना पक्राउ

***काठमाडौं, ५ फागुन***

सुनसरी ,धरान उपमहानगरपालिका-२० बरडाँडाबाट अवैध लागूऔषध गाँजा करिब ९ सय ५५ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बारा कोल्हवी नगरपालिका-८ बस्ने संदिप कुमार माझी र काठमाडौं चन्द्रागिरी नगरपालिका-८ बस्ने ३३ वर्षीय नगेन्द्र राज श्रेष्ठ रहेका छन्। इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले चाँदीबजारबाट बिष्णुपादुकातर्फ आउँदै गरेको बागमती प्रदेशच ०२७-०१-न ११४३म्बरको पिकअप गाडीबाट ३३ वटा पोकामा रहेको करिब ४ सय ९५ किलोग्राम गाँजा फेला पारी चालक संदिप कुमारलाई पक्राउ गरेको हो। यसैगरी बिएसि ३२३६ नम्बरको गाडीबाट २३ वटा पोकामा रहेको करिब ४ सय ६० किलोग्राम गाँजा फेला पारी चालक नगेन्द्र राजलाई पक्राउ गरेको हो।

## करिब ७ सय ९३ किलोग्राम गाँजा सहित ५ जना पक्राउ

***काठमाडौं, ६ फागुन***

मकवानपुर ,भीमफेदी गाउँपालिका-२ चुनियाबाट अवैध लागूऔषध गाँजा करिब ४ सय ३८ किलोग्राम सहित कैलाश गाउँपालिका-१० बस्ने २७ वर्षीय राम बहादुर मोक्तान समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी भैसेबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त गाँजा सहित पक्राउ गरेको हो। साथै उनीहरूले प्रयोग गरेको लु १.च २१५२ नम्बरको बोलेरो गाडी र बा .प्र ४५७६प ००५-०३.नम्बरको मोटरसाइकल समेत प्रहरीले बरामद गरेको छ।

धनकुटा, साँगुरीगढी गाउँपालिका-७ गर्जुवास्थित जंगलबाट अवैध लागूऔषध गाँजा करिब २ सय ५ किलोग्राम सहित सोही गाउँपालिका-७ बस्ने ३३ वर्षीय प्रकाश राई समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रदेश प्रहरी कार्यालय बिराटनगर समेतबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त गाँजा सहित पक्राउ गरेको हो।

ललितपुर, बाग्मती गाउँपालिका-३ छपेलीबाट करिब १ सय ५० किलोग्राम गाँजा सहित मकवानपुर हेटौंडा बस्ने रूपन्देही बुटवल उपमहानगरपालिका-७ घर भएका २८ वर्षीय नगेन्द्र श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी भट्टेडाँडाबाट खटिएको प्रहरीले ना.३ च ४०५ नम्बरको हात्ती गाडीलाई जाँच गर्ने क्रममा उक्त गाँजा फेला पारी गाडी चालक नगेन्द्रलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ३ सय किलो गाँजा बरामद

***धनुषा, १० फागुन***

जनकपुरधाम उपमहानगरपालिका-४ शान्ति टोलबाट अवैध लागूऔषध गाँजा करिब ३ सय ५७ किलोग्राम प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीलाई देख्नासाथ उक्त स्थानमा रोकी राखेको ना.७ ख २२३७ नम्बरको टिपरमा रहेका व्यक्तिहरू टिपर छोडी फरार भएपश्चात उक्त टिपरबाट झारी भुईमा राखिएको ३४ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ४ सय २० किलोग्राम गाँजा बरामद

***मोरङ, ३ फागुन***

विराटनगर महानगरपालिका-५ पुलचोकस्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब ४ सय २० किलोग्राम प्रहरीले बरामद गरेको छ। वडा प्रहरी कार्यालय विराटनगर समेतबाट खटिएको प्रहरीले बा.८ च ६५०८ नम्बरको स्कार्पियो गाडीबाट उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार गाडी चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब २ सय १३ किलो गाँजा बरामद

***पर्सा ,२६ फागुन***

जिराभवानी गाउँपालिका-४ पशुबजार नजिकबाट अवैध लागूऔषध गाँजा करिब २ सय १३ किलोग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय पटेर्वा सुगौली समेतबाट खटिएको प्रहरीलाई देख्नासाथ सुपौली बजारबाट जगरनाथपुरतर्फ आउँदै गरेको मे.१ त ५७१४ नम्बरको ट्याक्टर छोडी चालक फरार भएपश्चात प्रहरीले उक्त ट्याक्टर तलासी गर्दा २२ वटा प्लाष्टिकको पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार ट्याक्टर चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब २ सय १७ किलो गाँजा बरामद

***सुनसरी, २८ फागुन***

हरिनगरा गाउँपालिका-३ बाट अवैध लागूऔषध गाँजा करिब २ सय १७ किलो प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय हरिनगर समेतबाट खटिएको प्रहरीलाई देख्नासाथ गौतमपुरबाट हरिनगरातर्फ जाँदै गरेको प्र.१-०२-००४ ह ५६३९ नम्बरको सिटि सफारी छाडी चालक फरार भएपश्चात सिटि सफारी तलासी गर्दा उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार सिटि सफारी चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## बाह्य मुलुकतर्फ लैजान लागेको विदेशी मुद्रा सहित एक जना पक्राउ

***काठमाडौं, १३ फागुन***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडान तर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ एरियाबाट बाह्य मुलुकतर्फ लैजान लागेको अमेरिकी डलर १० हजार ५ सययुरो , २६ हजार ७ सय, चाइनिज युआन ७ हजार ४ सय र Fem hundra kronor (स्विडेन) ४३ हजार सहित स्वीडिस नागरिक ५१ वर्षीया KUNCHOK KHANDRO पक्राउ परेकी छिन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट खटिएको प्रहरीले सिचुवान एयरलाइन्सको उडानद्वारा काठमाडौंबाट चीन जान लागेकी उनलाई जाँच गर्ने क्रममा उनको ब्यागबाट उक्त मुद्राहरू फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको छ।

## स्रोत नखुलेको नगद सहित एक जना पक्राउ

***बारा, २१ फागुन***

आदर्श कोतवाल गाउँपालिका-७ बाट स्रोत नखुलेको नगद ११ लाख २२ हजार रूपैयाँ सहित सुवर्ण गाउँपालिका-१ वगही बस्ने ३२ वर्षीय रोबिन कुमार यादवलाई प्रहरीले पक्राउ गरेको छ। उक्त स्थानमा खटिएको प्रहरीले सिम्रौनगढबाट तेलकुवातर्फ आउँदै गरेको ना.४१ प ३३८६ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक यादवको साथबाट उक्त नगद फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## दश थान भरूवा बन्दुक बरामद

***काठमाडौं, ७ फागुन***

कास्की, माछापुच्छे गाउँपालिका-९ तकरू जंगलबाट ८ थान र सोही गाउँपालिका-२ नेपराङ जंगलबाट १ थान भरूवा बन्दुक प्रहरीले बरामद गरेको छ। अस्थायी प्रहरी पोष्ट भेडाबारी र प्रहरी चौकी सर्दिखोलाबाट खटिएको प्रहरीले वेवारिसे अवस्थामा रहेका ती बन्दुक फेला पारी बरामद गरेको हो।

प्युठान, ऐरावती गाउँपालिका-६ थामस्थित हरियाली सामुदायिक वनबाट १ थान भरूवा बन्दुक प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी चुजाठाटीबाट खटिएको प्रहरीले वेवारिसे अवस्थामा रहेको बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल सहित एक जना पक्राउ

***काठमाडौं, १ फागुन***

चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट मेड इन युएसए लेखिएको पेस्तोल १ थान र गोली ४ राउण्ड सहित कीर्तिपुर नगरपालिका-२ बस्ने ३० वर्षीय केयुर पुरीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको प्रहरीले चितवनबाट काठमाडौंतर्फ आउँदै गरेको बा.१९ च ६९० नम्बरको कार तलासी गर्दा उक्त पेस्तोल फेला पारी कारमा सवार उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल र भरूवा बन्दुक बरामद

***काठमाडौं, ४ फागुन***

झापा, कनकाई नगरपालिका-८ मिश्रा टोल बस्ने २२ वर्षीय सौगात थापा मगरको घर पछाडी रहेको कुखुराको खोरबाट पेस्तोल १ थान र गोली ४० राउण्ड प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उक्त पेस्तोल फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार सौगातको खोजी गरिरहेको छ।

## पेस्तोल, रिभल्वर र भरूवा बन्दुक बरामद

***काठमाडौं, ११ फागुन***

बारा, महागढीमाई नगरपालिका-२ भुटहीखोलाबाट कटुवा पेस्तोल १ थान र रिभल्वर १ थान प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय बारा र प्रहरी चौकी बरियारपुरबाट खटिएको प्रहरीले उक्त पेस्तोल र रिभल्वर फेला पारी बरामद गरेको हो।

सल्यान ,छत्रेश्वरी गाउँपालिका-२ जुम्ले सल्ला सामुदायिक वनबाट भरूवा बन्दुक ५ थान प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सल्यानबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल बरामद

नवलपरासी पश्चिम, २६ फागुन

प्रतापपुर गाउँपालिका-५ छोटकी बैदौलीस्थित खेतबाट कटुवा पेस्तोल १ थान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी बसहियाबाट खटिएको प्रहरीले उक्त पेस्तोल फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल बरामद

काठमाडौं, २७ फागुन

गोकर्णेश्वर नगरपालिका-५ जम्बुडाँडा पहेलो पुलस्थित खोला छेउको झाडीबाट पेस्तोल १ थान ,म्याग्जिन ३ थान र गोली १ सय राउण्ड प्रहरीले बरामद गरेको छ। प्रहरी वृत्त बौद्ध र प्रहरी प्रभाग काँडाघारीबाट खटिएको प्रहरीले उक्त हतियार फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अपहेरण तथा शरीर बन्धक कसूरमा संलग्न तीन जना पक्राउ

***काठमाडौं, १३ फागुन***

अपहरण तथा शरीर बन्धक कसूरमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१४ कलंकी बस्ने सुर्खेत वीरेन्द्रनगर नगरपालिका-५ घर भएका २६ वर्षीय फपेन्द्र न्यौपाने, जुम्ला तिला गाउँपालिका-८ घर भएका ३६ वर्षीय धनराज बस्नेत र कास्की माछापुच्छ्रे गाउँपालिका-७ घर भएका ४२ वर्षीय शिव बहादुर घर्ती रहेका छन् । काठमाडौं महानगरपालिका-१२ टेकुस्थित शिव बहादुरले संचालन गरेको रोडलाईन प्यालेस होटलमा पीडितलाई बन्धक बनाई कुटपिट गरी घाइते बनाएको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। साथै प्रहरीले पीडितको सकुशल उद्दार गरेको छ। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागी जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## स्रोत नखुलेको नगद सहित एक जना पक्राउ

***बारा, २१ फागुन***

आदर्श कोतवाल गाउँपालिका-७ बाट स्रोत नखुलेको नगद ११ लाख २२ हजार रूपैयाँ सहित सुवर्ण गाउँपालिका-१ वगही बस्ने ३२ वर्षीय रोबिन कुमार यादवलाई प्रहरीले पक्राउ गरेको छ। उक्त स्थानमा खटिएको प्रहरीले सिम्रौनगढबाट तेलकुवातर्फ आउँदै गरेको ना ३३८६प ४१. नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक यादवको साथबाट उक्त नगद फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## स्रोत नखुलेको नगद सहित एक जना पक्राउ

***सिराहा, १७ फागुन***

लक्ष्मीपुर पतारी गाउँपालिका-३ बाट स्रोत नखुलेको नगद ५ लाख रूपैयाँ सहित बरियारपट्टी गाउँपालिका-२ श्रीपुर टोल बस्ने २५ वर्षीय विजय कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय महेशपुरपतारबाट खटिएको प्रहरीले बरियारपट्टीबाट धनगढीतर्फ जाँदै गरेको स.७ प ८२९५ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक विजय कुमारलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## स्रोत नखुलेको नगद सहित पक्राउ

***महोत्तरी, ८ फागुन***

मनरा शिसवा नगरपालिका-३ सोनौल बजारबाट स्रोत नखुलेको नगद ११ लाख ५१ हजार ३ सय रूपैयाँ सहित सम्सी गाउँपालिका-७ बस्ने गौतम साहलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरी र प्रहरी चौकी इटहर्वाटकट्टीबाट खटिएको प्रहरीले पोखरभिण्डबाट सोनौल बजारतर्फ आउँदै गरेको म.प्र.०२-००९ प १५१७ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।




# उत्कृष्ट अनुसन्धान

### मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८२।१०।०९ गते विहानको अन्दाजी ०७:०० बजेको समयमा जिल्ला इलाम माई नगरपालिका वडा नं. ०८ राते खोला स्थितमा ऐ.ऐ.बस्ने बर्ष ४८ कि मन कुमारी फागोको अनुहार लगायत शरीरको विभिन्न भागमा चोटपटक लागि अर्धनग्न अवस्थामा मृत फेला परेको ज्यान सम्बन्धी कसूर मुद्दाको अनुसन्धान पश्चात मृतकको देवर जिल्ला इलाम माई न.पा.वडा नं.०८ बस्ने वर्ष ४२ को वीर बहादुर फागोलाई सम्मानित इलाम जिल्ला अदालतको मिति २०८२।११।१० गतेको आदेशले निज प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८२।१०।०६ गतेका बिहानको समयमा जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं.०९ हनुमानझुला स्थित घर नजिकै गुम्बामा ऐ.ऐ.बस्ने बर्ष ५१ को रिखी राम पोखरेले राती अन्दाजी ०९:०० बजेको समयमा परिवर्तित नाम ३५ भरतपुर (२९) २०८२/०८३ लाई जबरजस्ती करणी गरेको घटनाको अनुसन्धानपश्चात सम्मानित जिल्ला अदालतको मिति २०८२।११।०७ गतेको आदेशले निज प्रतिवादीलाई पूर्पक्षको लागि कारागार पठाईएको।

### मुद्दा शीर्षक – आपराधिक उपद्र

मिति २०८२।०५।२५ गते बिहान अन्दाजी ०७:०० बजेको समयमा कारागार कार्यालय कपिलवस्तुबाट भागेका कैदी बन्दीहरु समेतको समूहले कपिलवस्तु जिल्ला अदालतको तौलिहवाको मुल गेट फोडी भित्र प्रवेश गरी आपराधिक उपद्र गरेको घटनामा अनुसन्धान पश्चात मिति २०८२।११।१४ गतेको सम्मानित कपिलवस्तु जिल्ला अदालतको आदेशले प्रतिवादी रिखिराज चौधरी पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – मुद्रा (खोटा) सम्बन्धी कसूर

पसलमा एक हजार रुपैयाँको नक्कली नोट फेला परेको घटनापछि सो घटनाको सत्य तथ्य पत्ता लगाउन विशेष टोली परिचालन भएकोमा मिति २०८२।११।०१ गते जिल्ला कपिलवस्तु बुद्धभुमी नगरपालिका वडा नम्बर १० स्थित एक पेट्रोल पम्पमा नक्कली नोट फेला परेको घटनामा अनुसन्धान पश्चात मिति २०८२।११।२७ गते सम्मानित कपिलवस्तु जिल्ला अदालतको आदेशले प्रतिवादीहरु सद्दु यादव, संजय गुप्ता भन्ने पटेश्वरी प्रसाद गुप्त र साजिदा खातुन बढई पूर्पक्षको लागि कारागार चलान भएको र प्रतिवादी अजय कुमार यादवलाई रु.२,००,०००।– धरौटी माग भएको उक्त धरौटी राख्न नसकी कारागार चलान भएको।

### मुद्दा शीर्षक –जबरजस्ती करणी

जाहेरवालाको छोरी वर्ष १४ की परिवर्तित नाम ०८२।०८३ सिन्धुलीमाडी (१२) लाई सन्तोष भन्ने चेतराज नेपालीलाई जवरजस्ती करणी गरेको घटनामा अनुसन्धानपश्चात सम्मानित जिल्ला अदालतको मिति २०८२।११।२९ गतेको आदेशानुसार प्रतिवादीलाई पूर्पक्षको लागि थुनामा राख्न पठाईएको।

मासिक ई-बुलेटिन

## सम्पादक मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौर

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी
प्रहरी उपरीक्षक प्रदिप कुमार सिंह

**सम्पादक**

प्रहरी निरीक्षक केवि गुरुङ

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी बरिष्ठ हवल्दार कल्पना राई

## सम्पर्कको लागि :

**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**